# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.स. : ०८०/०८१
च.नं. ३५२३

मिति : २०८०।०६।२२

श्री रत्ननगर नगरपालिका
वडा कार्यालय सबै
रत्ननगर, चितवन ।

विषय : बिबरण संकलन सम्वन्धमा ।

उपर्युक्त सम्वन्धमा बागमति प्रदेश सरकार, शहरी विकास तथा भवन कार्यालयको मिति २०८०।०८।०८ को च.नं.४२७ को पत्रबाट आफ्नै स्वामित्व भएको जग्गामा घर भएका दलित, सिमान्तकृत, विपन्न र पिछडिएका बस्तीमा खरको छाना बिस्थापन गर्ने सम्बन्धी र च.नं.४५६को पत्रबाट बिपन्न बर्गका र अन्य निकायबाट कुनै सहयोग नलिएका चेपाङ, बनकरीया, माझी र बोटे समुदायको आवाश निर्माणका लागि बिबरण माग भई आएको हुँदा सो सँग सम्बन्धित पत्र र कार्यविधिको विद्युतिय प्रति यसै साथ संलग्न राखी पठाइएको छ । सो अनुसार निबेदन संकलन गरी आवश्यक विवरण यहि मंसिर मसान्त सम्म यस कार्यालयमा अनिवार्य रुपमा पठाइदिनु हुन अनुरोध छ ।

छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
# शहरी विकास तथा भवन कार्यालय

पत्र संख्या : ०८०।८१
चलानी नं. : ४५६

हेटौंडा, नेपाल

मितिः २०८०/०८/०८

विषयः-विवरण उपलब्ध गराइ दिन हुन।

श्री रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
रत्ननगर, चितवन ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकामा एकीकृत आवास कार्यक्रम अन्तर्गत चालु आ.व.२०८०/०८१ मा गरिब .विपन्न ,सिमान्तकृत जाति र समुदायलाई सर्वसुलभ आवास उपलब्ध गराउने कार्य अन्तर्गत चेपाङ,बनकरिया ,माझी र बोटे समुदायलाई सुरक्षित ,किफायती र वातावरणमैत्री आवासको व्यवस्थापन गर्न विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तहाँ स्थानिय तहमा उक्त समुदायको बसोबास भएको भए हाल सम्म कतैबाट सुविधा नलिएका परिवार मध्येबाट **“चेपाङ,बनकरिया ,माझी र बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम सम्बन्धी कार्यविधि ,२०८०”**को दफा ३ को उपदफा १ बमोजिमको आधारमा उपदफा ३ बमोजिमको समितिले छनौट गरी सोको निर्णय तथा सिफारिस सहित प्राथमिकता क्रम अनुसारको विवरण पत्र प्राप्त भएको मितिले १ महिना भित्र उपलब्ध गराइ दिन हुन **“चेपाङ,बनकरिया ,माझी र बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम सम्बन्धी कार्यविधि ,२०८०”**को बिधुतीय प्रति यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

.........................
घनश्याम श्रेष्ठ
(नि.कार्यालय प्रमुख)

**नि.कार्यालय प्रमुख**

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
# शहरी विकास तथा भवन कार्यालय

पत्र संख्या : ०८०।८१

चलानी नं. : ४२६

हेटौंडा, नेपाल

मितिः २०८०/०८/०८

**विषयः- विवरण उपलब्ध गराइ दिन हुन।**

श्री रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय ,
रत्ननगर, चितवन ।

प्रस्तुत विषयमा चालु आ.व.२०८०/०८१ मा तहाँ स्थानीय तहमा स्थायी बसोबास गर्ने र आफ्नै स्वामित्वको जग्गामा घर भएका दलित ,सीमान्तकृत ,बिपन्न र पिछडिएका बस्तीमा खरको छाना बिस्तापन गर्ने प्रदेश सरकारको नीति बमोजिम बजेट बिनियोजन भएकोमा सो कार्यान्वयन गर्ने सन्दर्भमा बनेको "खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि ,२०८०"को दफा ५ बमोजिमको प्रक्रिया पुरा भइ प्राप्त भएको विवरणलाई दफा ६ बमोजिमको समितिले छनौट गरी सोही दफा बमोजिमको प्रक्रिया पुरा गरीपत्र प्राप्त भएको मितिले ४० दिन भित्र यस कार्यालयलाई उपलब्ध गराइ दिन हुन "खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि ,२०८०"को बिधुतीय प्रति यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

.............................
घनश्याम श्रेष्ठ
(नि.कार्यालय प्रमुख)

नि.कार्यालय प्रमुख

बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

### खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना: प्रदेशभित्र स्थायी बसोबास गर्ने र आफ्नै स्वामित्वको जग्गामा घर भएका दलित, सीमान्तकृत, विपन्न र पिछडिएका बस्तीमा खरको छाना विस्थापन गर्ने प्रदेश सरकारको नीतिबमोजिम बजेट विनियोजन भएको र स्वीकृत बजेटबमोजिम खरको छाना मुक्त बागमती प्रदेश कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउनका लागि कार्यविधि बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

हेटौंडा, नेपाल

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले सम्बन्धित शहरी विकास तथा भवन कार्यालय सम्झनुपर्छ।

(ख) "छाना" भन्नाले जस्ताको छाना सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।

(ङ) "लाभग्राही" भन्नाले दफा ६ को उपदफा (१) बमोजिमको समितिले छनौट गरेका व्यक्ति वा परिवारलाई सम्झनुपर्छ।

(च) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले दफा ६ को उपदफा (१) बमोजिमको छनौट समिति सम्झनुपर्छ।

३. <u>कार्यक्रम सञ्चालनको उद्देश्य:</u> यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछः-

(क) न्यून मानव विकास सूचकाङ्क भएका स्थानीय तहमा स्थायी बसोबास गर्ने, आफ्नो स्वामित्वको जग्गामा घर भएका दलित, सीमान्तकृत, विपन्न, पिछडिएका



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

बस्तीमा खरको छाना विस्थापित गर्न सहयोग पुऱ्याउने,

(ख) न्यून मानव विकास सूचकाङ्क रहेका स्थानीय तहमा बसोबास गर्ने नागरिकले आर्थिक सहयोग मार्फत खरको छाना मुक्त गर्न सक्षम भई जीवनस्तरमा सुधार गर्ने,

(ग) लाभान्वित नागरिकलाई खरको छानो भएका कारणले आइपर्ने प्राकृतिक तथा मानव सिर्जित प्रकोप तथा दुर्घटना आगलागी, हावाहुरी, र विद्युतीय सेवा उपयोग गर्दा उत्पन्न हुनसक्ने दुर्घटना जस्ता समस्याबाट जोगाउनका साथै वर्षादको मौसममा छानाबाट पानी चुहिने समस्याको समाधान गर्ने।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. क्षेत्र छनौटका आधारः कार्यक्रम सञ्चालन क्षेत्र छनौटका आधारहरू देहायबमोजिम हुनेछन्ः-

(क) मन्त्रालयले प्रदेशभित्रका न्यून मानव विकास सूचकाङ्क भएका स्थानीय तहको प्राथमिकीकरण गर्नेछ,



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(ख) खण्ड (क) बमोजिम न्यून मानव विकास सूचकाङ्क भएको स्थानीय तहमा अनुदान प्राप्त गर्ने लाभग्राहीको सङ्ख्या यकिन गरिनेछ।

तर उक्त स्थानीय तहमा लाभग्राही सङ्ख्या पर्याप्त नभएमा त्यसपछिको न्यून मानव विकास सूचकाङ्क भएको स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक जिल्लाको एक स्थानीय तह छनौट भए पश्चात् अर्को जिल्लाको न्यून मानव विकास सूचकाङ्क भएको स्थानीय तह छनौट गर्न बाधा पर्ने छैन।

५. <u>कार्यक्रम तर्जुमा र कार्यान्वयनः</u> (१) दफा (४) बमोजिम छनौट भएका स्थानीय तहले असोज मसान्तभित्र उक्त स्थानीय तहभित्र स्थायी बसोबास गर्ने र आफ्नो स्वामित्वको जग्गामा घर भएका दलित, सीमान्तकृत, विपन्न, पिछडिएको बस्तीहरूमा बसोबास गर्ने नागरिकको पहिचान गर्न सार्वजनिक सूचना आह्वान गरी निवेदन लिई नाम सङ्कलन गर्नेछ।

तर यो कार्यविधि स्वीकृत पश्चात् प्रथम पटक सूचना प्रकाशन गर्दा कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको एक महिनाभित्र सार्वजनिक सूचना आह्वान गरी नाम सङ्कलन गर्न सक्नेछ।



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सम्बन्धित लाभग्राहीले अनुसूची- १ बमोजिमको ढाँचामा सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र देहायको कागजात सहित सम्बन्धित स्थानीय तहमा देहायको विवरण साथै राखी निवेदन पेश गर्नु पर्नेछः-

(क) लाभग्राहीको नागरिकताको प्रतिलिपी,

(ख) आफ्नो नाउँको जग्गामा घर भएको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी वा भोगाधिकार वा अन्य उपभोगको निस्साको प्रमाण,

(ग) चालूआ.व. मा मालपोत तिरेको रसिदको प्रतिलिपी वा बिजुलीको बिल,

(घ) भूकम्पको लाभग्राही कायम भइ नेपाल सरकार वा गैरसरकारी संस्थाबाट सेवा सुविधा नलिएको सम्बन्धित वडाको सिफारिस।

६. <u>लाभग्राही छनौट समितिः</u> (१) दफा (५) को उपदफा (२) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गरी लाभग्राही छनौटका लागि देहायबमोजिमको लाभग्राही छनौट समिति रहनेछः-

(क) प्रमुख/अध्यक्ष, सम्बन्धित स्थानीय तह -अध्यक्ष

(ख) उपप्रमुख/उपाध्यक्ष, सम्बन्धित स्थानीय तह -सदस्य



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

Scanned By Camera Scanner

(ग) दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ/नगर कार्यपालिकाको सदस्य मध्ये प्रमुख/अध्यक्षले तोकेको दुई जना -सदस्य

(घ) सम्बन्धित वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले निवेदक मध्येबाट यस कार्यविधिको अधीनमा रही लाभग्राही छनौट गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिबाट प्राविधिक रूपमा छनौट भएका लाभग्राहीहरुको विवरण तयार गरी स्थानीय तहले स्वीकृत गर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएका लाभग्राहीको विवरण र निजसँग भएको सम्झौता सम्बन्धित स्थानीय तहले एकमुस्ट रूपमा सिफारिस साथ शहरी विकास तथा भवन कार्यालयमा पठाउनेछ।

(५) उपदफा (४) बमोजिमका लाभग्राहीको विवरण सूचना टाँस गर्नुका साथै स्थानीय तहको वेबसाईटमा सार्वजनिक गर्नुपर्नेछ।

७. <u>कार्यान्वयन प्रक्रिया:</u> (१) यस कार्यविधिको अधीनमा रही निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी कार्यालयको हुनेछ।



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(२) दफा ६ को उपदफा (४) बमोजिमको विवरण प्राप्त भए पश्चात कार्यालयले छनौट भएका लाभग्राहीको बैंक खातामा दुई किस्तामा गरी बढीमा रू. साठी हजार रकम उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम रकम प्रदान गर्दा पहिलो किस्तामा पचास प्रतिशत रकम भुक्तानी दिनुपर्नेछ।

(४) कार्य सम्पन्न भएपश्चात स्थानीय तहको प्राविधिकको सिफारिसका आधारमा बाँकी रकम भुक्तानी दिइनेछ।

## परिच्छेद- ३

## कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन

८. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थाः कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहायबमोजिम हुनेछः-

(क) सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्बन्धित स्थानीय तह वा स्थानीय तहबाट खटिएको प्राविधिक कर्मचारीबाट हुनेछ,

(ख) सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको कार्य कार्यालयले समेत गर्न सक्नेछ,

(ग) कार्यालयले कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्न कन्टेन्जेन्सी रकमबाट भुक्तानी हुने



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

Scanned By Camera Scanner

गरी प्रत्येक जिल्लामा एक जना प्राविधिक सहायक (पाँचौ तह सरह) सेवा करारमा लिन सक्नेछ,

(घ) कार्यालयले अनुगमन तथा मूल्याङ्कनको प्रगति विवरण एकमुष्ट रूपमा तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ,

(ङ) कार्यक्रम कार्यान्वयन गर्दा कार्यालयले सम्बन्धित प्रदेशसभा सदस्यलाई जानकारी गराउनु पर्नेछ र सम्बन्धित प्रदेश सभा सदस्यले कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

## परिच्छेद- ४
## विविध

९. **दोहोरो सुविधा लिन नपाउने:** कुनै पनि लाभग्राहीले एउटै कार्यको लागि दोहोरो सुविधा लिन पाउने छैन। कसैले दोहोरो सुविधा लिएको वा दिएको पाएमा प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

१०. **कार्यक्रम तोकिएको समयावधि भित्र सम्पन्न गर्नु पर्ने:** यस कार्यविधि बमोजिमको कार्यक्रम एक आर्थिक वर्षभित्र सम्पन्न गरी सक्नु पर्नेछ।

११. **प्रचलित कानूनबमोजिम हुने:** यस कार्यविधिमा भएको प्रावधानहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम हुनेछ।



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसुची- १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>अनुदानका लागि दिने निवेदनको ढाँचा</u>**

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

......................... पालिका।

महोदय,

खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५ को उपदफा (२) बमोजिम मैले जस्ताको छाना छाउने कार्यका लागि संलग्न हुन देहायबमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु। साथै मैले यसभन्दा अघि सोही कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै अनुदान लिएको छैन। झुट्टा ठहरिए प्रचलित कानूनबमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

१. नाम, थर : ................................................

२. लिङ्ग: (क) पुरुष (ख) महिला

(ग) अन्य

३. पारिवारिक विवरण:

(अ) वर्ग/समूह: (तपाई आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनु हुन्छ? छान्नुहोस्)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आदिवासी जनजाती | दलित | वैश्य | मुसलमान | ब्राह्मण | क्षेत्री | मधेशी | अन्य |

(आ) अल्पसङ्ख्यक समुदाय: हो/होइन

(इ) लोपोन्मुख जनजाति: हो/होइन

(ई) सीमान्तकृत वर्गः हो/होइन (यदि हो भने, अतिसीमान्तकृत वर्गः हो/होइन)

(उ) परिवारको सङ्ख्याः जम्मा:......जना महिलाः ......जना पुरुषः ......जना

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ/छैन (यदि छ भने उल्लेख गर्नुहोस्)

१. नाम..........................उमेर ....................अशक्तताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

२. नाम......................उमेर...................... अशक्तताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

(ऋ) निवेदक ज्येष्ठ नागरिक, अपाङ्गता भएको व्यक्ति, अशक्त वा असहाय, पिछडिएका महिला, दलित, आदिवासी/जनजाति, उत्पीडित वर्ग, पिछडिएको वर्ग, पिछडिएका क्षेत्र र आर्थिक रूपले विपन्न के हो उल्लेख गर्ने।

४. स्थायी ठेगानाः प्रदेश........... जिल्ला........... न.पा./गा.पा..........वडा नं....

५. अस्थायी ठेगानाः प्रदेश................. जिल्ला.......... न.पा./गा.पा .......वडा नं....

६. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोबाइल नं./इमेल...................................

७. खरको छानाको घर निर्माण भएको वर्षः

(क) खरको छाना विस्थापन गर्न अनुमानित आवश्यक विवरण

(१) ..............................

(२) ..............................



बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

(३) ...............................

८. संलग्न कागजातः

(क) लाभग्राहीको नागरिकताको प्रतिलिपि।

(ख) आफ्नो नाउँको जग्गामा घर भएको लालपुर्जाको प्रतिलिपी वा भोगाधिकार वा अन्य उपभोगको निस्साको प्रमाण।

(ग) खाता नं. स्पष्ट बुझिने चेकको पानाको प्रतिलिपी।

(घ) चालूआ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपी वा बिजुलीको बिल।

(ङ) भूकम्पको लाभग्राही कायम भई नेपाल सरकार वा गैरसरकारी संस्थाबाट सेवा सुविधा नलिएको वडाको सिफारिस।

९. यसमा लेखिएको व्यहोराठीक साँचो हो। झूटा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

निवेदन दिने लाभग्राही वा घरमूली व्यक्तिको

नामः

हस्ताक्षरः

मितिः

मोबाइल नं.

द्रष्टव्यः मन्त्रालयले यो निवेदनको ढाँचामा आवश्यकता अनुसार हेरफेर थपघट गर्न सक्नेछ।

**आज्ञाले,**
**जित बहादुर भण्डारी**
**निमित्त प्रदेश सरकारको सचिव**

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

**चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम (मकवानपुर, चितवन, धादिङ) सम्बन्धी कार्यविधि, २०८०**

प्रस्तावनाः नेपालको संविधानले प्रत्येक नागरिकलाई आवासको हक प्रत्याभूत गरेबमोजिम राज्यका गरिब, विपन्न, सीमान्तकृत जाति र समुदायलाई सर्वसुलभ आवास उपलब्ध गराउने कार्य अन्तर्गत चेपाङ, वनकरिया, माझी र बोटे समुदायलाई सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्थापन गर्न विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(मकवानपुर, चितवन, धादिङ्ग) सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवास" भन्नाले लक्षित वर्गका समुदायका व्यक्ति वा समुदायको लागि स्वीकृत डिजाईन अनुसारका आवासीय भवन तथा सो प्रयोजनका लागि आवश्यक पर्ने खानेपानी, शौचालय, स्वास्थ्य, शिक्षाका साथै सुरक्षा सेवा उपलब्ध गराउने पूर्वाधार र पहुँचको व्यवस्थासमेतलाई सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका शहरी विकास तथा भवन कार्यालयहरू सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(घ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम छनौट भएको चेपाङ, वनकरिया, माझी, बोटे लगायतको व्यक्ति वा समुदायको परिवार सम्झनुपर्छ।



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

Scanned By Camera Scanner

(ङ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद- २

## लाभग्राही पहिचान र छनोट समिति

३. लाभग्राहीको पहिचानः (१) लाभग्राहीको पहिचान देहायका आधारमा गरिनेछः-

(क) विगत देखि सो स्थानमा बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफू विगतदेखि सो स्थानमा बसोबास गरी आएको भन्ने स्थानीय तहको सिफारिस,

(ग) बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको कागजात,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित स्थानीय तहले लक्षित लाभग्राही वर्गभित्र परेको भनी गरेको सिफारिस।



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

Scanned By Camera Scanner

(२) उपदफा (१) बमोजिम लाभग्राही पहिचान गर्दा सोही उपदफाको खण्ड (क), (ख) वा (ग) मध्ये कुनै एक आधार लिन सकिनेछ।

(३) आवास विकासको लागि लाभग्राही एवम् निर्माण स्थल छनोटकालागि देहाय बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछः-

(क) प्रमुख/अध्यक्ष सम्बन्धित स्थानीय तह

(ख) उपप्रमुख/उपाध्यक्ष सम्बन्धित स्थानीय तह

(ग) सम्बन्धित वडा अध्यक्ष

(घ) सम्बन्धित जातीय संस्थाको अध्यक्ष वा तोकिएको प्रतिनिधि

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत

(४) उपदफा (३) बमोजिमको समितिमा सम्बन्धित स्थानीय तह रहने निर्वाचन क्षेत्रको प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्यक्ष र समानुपातिक प्रदेशसभा सदस्य सल्लाहकार रहनेछ।

(५) उपदफा (३) बमोजिमको समितिले लाभग्राही छनोटको आधार बनाई लाभग्राही छनोट गर्न सक्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिले आवास निर्माणको लागि लाभग्राही एवम् निर्माण स्थल समेत छनोट गरी आवश्यक कार्यान्वयनको लागि सिफारिस गर्नेछ।

(७) उपदफा (६) बमोजिम पेस गरिएको सिफारिस अनुसार सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी उपयुक्त देखिएमा निर्माण कार्यको प्रक्रिया अगाडि बढाउनेछ।

४. एकीकृत बस्ती तथा आवास कार्यक्रम कार्यान्वयनको आधारः (१) चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती निर्माण गर्दा साधारणतया दश लाभग्राही परिवारको बसोबास भएको स्थानमा वा बस्तीमा कार्यान्वयन गरिनेछ।

तर लाभग्राही सङ्ख्या कम भएको वा छरिएर रहेको स्थानको हकमा लाभग्राही छनोट गर्न यो उपदफाले बाधा पार्ने छैन।

(२) आवास इकाईको निर्माण साबिककै स्थान वा जग्गाधनी पुर्जा भएको स्थानमा गरिनेछ।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमा क्षेत्रमा परेको वा अन्य कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

(३) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन्।

## परिच्छेद- ३



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

Scanned By Camera Scanner

## आवासको डिजाइन तयार गर्ने विधि

५. **आवासको डिजाइनः** (१) आवासको डिजाइन मन्त्रालयले तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको डिजाइन मन्त्रालयले सम्बन्धित कार्यालयमार्फत लाभग्राही समुदायसँग छलफल गराई उपयुक्त विकल्प छनोट गर्नेछ।

(३) उपदफा (२) बमोजिम छनोट भएको डिजाइनलाई अन्तिम रूप दिई सम्बन्धित कार्यालयले आवासको लागत अनुमान तयार गर्नेछ।

६. **निर्माण कार्यान्वयनः** (१) कार्यालयले मन्त्रालयबाट स्वीकृत ड्रइङ्ग र डिजाइन लाभग्राहीसँग भएको सम्झौता अनुसार निर्माण कार्यको सुपरिवेक्षण गर्नेछ।

(२) निर्माण कार्य सहजीकरणको लागि कार्यालयले सम्बन्धित समुदायबाट सामाजिक परिचालक खटाउन सक्नेछ। त्यस्ता सामाजिक परिचालकको पारिश्रमिक सहायकस्तर चौथो तहको सुरुतलब स्केल हुने गरी सम्बन्धित आयोजनाको कन्टिन्जेन्सीबाट नियमानुसार भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद- ४

## आवास निर्माण गर्ने विधि

७. **कार्यक्रम कार्यान्वयन प्रक्रियाः** (१) कार्यालय र लाभग्राहीबीच सम्झौता गरी निर्माण कार्य सम्पन्न गरिनेछ।



Scanned By Camera Scanner

(२) उपदफा (१) बमोजिमको सम्झौताको ढाँचा र पालना गर्नुपर्ने शर्त अनुसूची- १ मा उल्लेख भएबमोजिम हुनेछ।

(३) लाभग्राहीले आफ्नो आवास सम्झौताका शर्त पालना गरी आफै निर्माण गर्नुपर्नेछ।

(४) इच्छुक लाभग्राहीहरूले उपभोक्ता समिति गठन गरी निर्माण कार्य गर्न सक्नेछन्।

(५) लाभग्राहीले सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता लिएर मात्र सम्झौता गरिनेछ र लाभग्राहीले सुविधा लिएको पाएमा प्रदान गरिएको रकम ब्याज सहित असुलउपर गरिनेछ।

८. बजेट तथा भुक्तानी प्रक्रियाः (१) यस एकीकृत बस्ती तथा आवास निर्माण कार्यक्रमको लागि विनियोजन रकमको सिमाभित्र रही प्रचलित कानूनबमोजिम खर्च गर्नुपर्नेछ।

(२) निर्माण हुने आवास इकाईको लागि प्रति आवास रु. चार लाख उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिमको रकम देहायको किस्तामा कार्यालयको सिफारिसमा लाभग्राहीले खोलेको बैङ्क खातामा सोझै भुक्तानी गरिनेछ।

(क) प्रथम किस्ता-२० प्रतिशत (निर्माण सम्झौता पश्चात्),



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

(ख) दोस्रो किस्ता-६० प्रतिशत (सिल लेबल तयार भएपछि),

(ग) अन्तिम किस्ता-२० प्रतिशत (छाना सम्पन्न भएपछि)।

## परिच्छेद- ५

## अनुगमन तथा मूल्याङ्कन

९. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था: कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था देहायबमोजिम हुनेछ:-

(क) सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्बन्धित कार्यालयबाट हुनेछ,

(ख) सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको कार्य मन्त्रालयले समेत गर्न सक्नेछ,

(ग) कार्यक्रम कार्यान्वयन गर्दा कार्यालयले सम्बन्धित प्रदेशसभा सदस्यलाई जानकारी गराउनुपर्नेछ र सम्बन्धित प्रदेशसभा सदस्यले कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

## परिच्छेद- ६

## विविध

१०. समन्वय गर्ने: मन्त्रालयले कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकायहरूबीच आवश्यक समन्वय गर्नेछ।



Scanned By Camera Scanner

११. **निर्देशन पालना गर्नुपर्ने:** मन्त्रालयले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित कार्यालयले पालना गर्नुपर्नेछ।

१२. **विवाद समाधान:** कार्यक्रम कार्यान्वयन गराउने कार्यालय र निर्माण समिति वा लाभग्राहीहरूबीच कुनै विवाद उत्पन्न भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

१३. **फरफारक गर्न सकिने:** कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च फरफारक गरिनेछ।

१४. **बेचविखन गर्न नहुने:** लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले पाँच वर्षसम्म बेचविखन गर्न गराउन पाउनेछैन।

१५. **कारबाही हुने:** आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेस गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

१६. **पूर्वाधार निर्माण:** कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरू (सडक,खुल्ला क्षेत्र लगायतको) निर्माणकार्य समेत आवश्यकता अनुसार कार्यालयले गर्न सक्नेछ।

१७. **अन्य निकायले सहयोग गर्नुपर्ने:** प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकाय र स्थानीयतहले कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार र विकासको



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

Scanned By Camera Scanner

लागि सहयोग पुऱ्याउनु पर्नेछ। निजी, सहकारी तथा अन्य गैरसरकारी संघ संस्थाले कानूनी प्रक्रिया पूरा गरी मन्त्रालयको सहमतिमा यस्ता पूर्वाधार निर्माण गर्न सक्नेछन्।

१८. <u>दोहोरो आवास सुविधा नपाउनेः</u> नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट आवास इकाईको सुविधा प्राप्त गर्ने लाभग्राहीले यस कार्यविधिबमोजिम वा प्रदेशसरकारबाट यस्ता कुनै सुविधा पाउने छैन।

१९. <u>फेरबदल गर्न सक्नेः</u> लाभग्राहीले स्वीकृत नमुना डिजाइनको विल्ड अप क्षेत्रफल (Build Up Area) नघट्ने गरी कार्यालयसँग समन्वय गरी सामान्य फेरबदल गरी निर्माण गर्न सक्नेछ।

२०. <u>प्रचलित कानूनबमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लिखित विषय प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

२१. <u>असुल उपर गरिनेः</u> एकीकृत बस्ती तथा आवास निर्माण गर्ने रकम लिएपछि घर नबनाएमा उक्त रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

२२. <u>आवश्यक व्यवस्था मिलाउनेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।



बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसुची- १

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**शहरी विकास तथा भवन कार्यालय र लाभग्राहीबीच गरिने सम्झौताको ढाँचा**

१. सम्झौता गर्ने पक्षहरू .........................र...............

२. कार्यक्रम स्थलः

जिल्ला.............गाउँपालिका/नगरपालिका..................वडा नं...

३. उद्देश्यः आवास निर्माण।

४. कुल लागत.............

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि

(क) शुरु हुने मिति...........

(ख) पुरा हुने मिति...........

६. निर्माण कार्यका शर्तहरू

(क) स्वीकृत नाप नक्सा अनुसारको निर्माण गर्नु पर्नेछ।

(ख) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ।

द्रष्टव्यः कार्यालयले सम्झौताको समयमा आवश्यकता अनुसार थप शर्तहरू निर्धारण गर्न सक्नेछ।

आज्ञाले,

जित बहादुर भण्डारी

निमित्त प्रदेश सरकारको सचिव



बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

Scanned By Camera Scanner

बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

| | |
|---|---|
| प.स. :- २०८०/०८१ | मिति :- २०८०/०७/२४ |
| च.नं. :- 6ㄨ९ | |

श्री शहरी विकास तथा भवन कार्यालय,
सिन्धुली, मकवानपुर र नुवाकोट।

**बिषय:-आवश्यक कार्यार्थ पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयबाट मस्यौदा गरिएको **"चेपांग, वनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम(मकवानपुर, चितवन, धादिंग) सम्बन्धी कार्यविधि, २०८०"** र **"खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम संचालन कार्यविधि, २०८०"** बागमती प्रदेश , प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भइ प्रदेश राजपत्रमा प्रकाशन समेत भैसकेको व्यहोरा अवगत गराई स्वीकृत कार्यविधिहरुको छायाप्रति यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बिपन गौतम
(इन्जिनियर)



Scanned By Camera Scanner